***Pargatishil Darpan*** ***Vol. 8, No. 1*** ISSN 2350-8787
(A Peer-Reviewed and Open Access Journal Indexed in NepJOL)
**Published by**
Nepal University Progressive Professors' Association
Prithvi Narayan Campus Committee **Email**: progressiveprofessors@pncampus.edu.np
Tribhuvan University, Pokhara, Nepal **URL**: www.pncampus.edu.np

***Copyright Information:***
*Copyright 2024© The Author(s). This work is licensed under Creative Commons Attribution-NonCommercial-ShareAlike 4.0 International*

# जडीबुटीको आर्थिक पक्ष र पाठ्यक्रम विकास

# Economic Aspects of Herbs and Curriculum Development

रेशमबहादुर सुवेदी **Resham Bahadur Subedi**
ORCID: https://orcid.org/0009-0008-3104-6446
शिक्षा विभाग Department of Education
पृथ्वीनारायण क्याम्पस Prithvi Narayan Campus
पोखरा Pokhara
*Email: rbsubedi@pncampus.edu.np*

***Article History**: Submitted: 11 April 2024, Reviewed: 10 June 2024, Accepted: 1 August 2024*

**Abstract**

This research is related to the economic importance of herbs. There are important sources of income from the community forest herbs in Nepal. Herbs have an important place in the economic, environmental, health and tourism sectors. It seems that Forest Regulation act 2068 has given special emphasis to develop herbs as income source. In this research, the topics related to the economic aspects of herbs and especially the content of printinted materials have been studied. Conclusions have been drawn based on the content analysis framework. Acts, regulations, various plans, research results related to the economic aspects of herbs have been analyzed. In the research, an attempt has been made to connect the theories of Teylar, Taba, Kerr, which are connected with the social and economic aspects of the curriculum. The economic aspect of the society plays an important role in curriculum development. Herbs seem to have economic importance in Nepal, thus the economic aspect of society and herbs are interrelated in curriculum development. The curriculum format 2076 has directed to include herbs in the curriculum for local level curriculum. In recent times, efforts have been made from the center to the local level to include herbs in the curriculum for income generation. Since Nepal is a landlocked country, it is difficult to trade herbs in third countries, therefore the raw materials are traded only in India, from Nepal. Although there is a possibility of earning good income from herbs in Nepal, it has not been possible to earn good income due to geographical conditions, lack of skilled manpower, government unclear policies. Research has shown the possibility of earning good income by commercial cultivation of herbs. It is found that by developing local curriculum in various institutions and doing on the basisof clear research policy to give priority to herbs in economic development.

***Keywords:*** *Botany, Curriculum, Economic, Herbs*

## लेखसार

यस अनुसन्धान जडीबुटीको आर्थिक महत्व संग सम्बन्धित रहेर गरिएको छ । नेपालमा सामुदायिक वन जडीबुटीका कारण आम्दानीको लागि महत्वपूर्ण स्रोत रहेका छन । जडीवटीको आर्थिक, पर्यावरणीय, स्वास्थ्य र पर्यटकीय क्षेत्रमा महत्वपूर्ण स्थान रहेको छ । जडीबुटीलाई आम्दानीको रुपमा विकास गर्न वन नियमावली २०६८ विशेष जोड दिएको देखिन्छ । यस अनुसन्धानमा जडीबुटीको आर्थिक पक्ष संग सम्बन्धित रहेका विशेष गरी मुद्रण सामाग्रीका विषयवस्तुको अध्ययन गरिएको छ । विषयवस्तु विश्लेषण ढाँचाको आधारमा निष्कर्ष निकालिएको छ । जडीबुटीको आर्थिक पक्षसँग सम्बन्धी ऐन, नियमावली, विभिन्न योजना, खोज अनुसन्धान नतिजा विश्लेषण गरिएको छ । अनुसन्धानमा पाठ्यक्रम समाज र आर्थिक पक्ष सँग जोडिएका टेलर, टावा, केर सिद्धान्तहरूलाइ जोड्ने प्रयास गरिएको छ । पाठ्यक्रम विकासमा समाजको आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहन्छ । नेपालमा जडीबुटीको आर्थिक महत्व रहेको देखिन्छ । यसरी पाठ्यक्रम विकासमा समाजको आर्थिक पक्ष र जडीबुटी अन्तरसम्बन्धित रहेका हुन्छन । पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय स्तरको आर्यआर्जनको लागि जडीबुटीलाई पाठ्यक्रममा समावेश गर्न निर्देशन गरेको छ । पछिल्लो समयमा पाठ्यक्रममा जडीबुटीलाई आय आर्जनको लागि समावेश गर्नुपर्ने केन्द्र देखि स्थानीय स्तरमा प्रयास भएका छन । नेपाल भूपरिवेष्टित मूलुक भएकोले तेस्रो मुलुकमा व्यापार गर्न कठीन भएको, नेपालको ठूलो व्यापारिक केन्द्र भारतमा कच्चा पदार्थको व्यापार हुने गरेको छ । नेपालमा जडीबुटीबाट राम्रो आम्दानी गर्ने संभावना रहे पनि भौगोलिक अवस्था, दक्ष जनशक्तिको अभाव, सरकारी उदाशिनता, अस्पष्ट नितिको कारण राम्रो आम्दानी गर्न सकिएको छैन । जडीबुटी व्यावसायिक खेती गरेर राम्रो आम्दानी गर्न सकिने सम्भावना खोज अनुसन्धानले देखाएका छन । स्थानीय पाठयक्रम, बिभिन्न निकाए, खोज अनुसन्धान, नितिनिर्माणले आर्थिक बिकासमा जडीबुटी लाई प्रथामिकता दिने गरेको पाईन्छ ।

***शब्दकुञ्जिका :*** *आर्थिक, जडीबुटी, पाठयक्रम, वनस्पति ।*

## परिचय

प्राणीहरूको स्वास्थ्य अवस्था विग्रीदा वनस्पतीको फल, फूल पात, डाँठ, जरा, बोक्रा विभिन्न भाग बाट उपचार गरिन्छ भने त्यसलाई जडीवुटी भनिन्छ । जडीवुटी वनस्पति औषधीको लागि एक वा सो भन्दावढी मिश्रित रुपमा प्रयोग गरिन्छ । (सामुदायिक वनमा प्रमुख जातिका जडीबुटीको मौजदात तथा संकलन कार्ययोजना, २०७८) का अनुसार औषधीय गुण भएको वनस्पति नै जडीबुटी हो, यसको प्रयोगले कुनै असर गर्दैन बरु सकरात्मक प्रभाव पार्दछ । जडीबुटी महत्वपूर्ण सम्पदा रहेको जडीबुटीलाई खेती गर्न सके मनग्य आम्दानी गर्न सकिन्छ । दिन दिनै जडीबुटीको महत्व तथा प्रयोग वढ्दै गएको, नेपालमा जडीबुटीको संरक्षण र सदुपयोग गर्न सकेमा देशको आर्थिक विकासमा टेवा पुग्दछ । जडीबुटीको आर्थिक, पर्यावरणीय स्वास्थ्य, पर्यटकीय क्षेत्रमा महत्वपूर्ण स्थान रहेको छ (कार्ययोजना, २०७८) यसरी जडीवुटीको उपयोगितावहु आयामिक रहेकोछ ।

जडीबुटी एवं गैरकाण्ठ वनपैदावार विकास निति, २०६१ का अनुसार नेपालमा हाल ११८ पारिस्थितिक प्रणाली रहेको अनुमान गरेको, यस विविधतामा ५८८४ प्रजाति फूल फुल्ने र नफुल्ने गरी १००९१ प्रजाति सुचीकृत भएका यी मध्ये ६०० जति प्रजातिहरूको औषधीय महत्व पत्ता लागेको छ । नेपालमा विश्वमा दुर्लभ मानिएका वहुमुल्य जडीबुटी रहेका छन । जडीबुटीबाट आर्थिक लाभ हासिल गर्ने असिमित अवसरहरू रहेका छन । नेपालमा जडीबुटीको संकलन प्रशोधन परम्परागत तरिकाबाटनै हुँदै आएको छ । अन्तराष्ट्रिय वजारमा माग भएका जडीबुटीको खेती संकलन प्रशोधनमा सर्वसाधरण किसानसम्म सहज पुहँचको बिस्तार गर्नु आवश्यक देखिन्छ । (जडीवुटी नीति, २०६१) नेपालमा व्यवासायिक जडीवुटी खेती गर्न सकेमा राम्रो आम्दानी हुने देखिन्छ ।

आइडिसिका अनुसार नेपालमा पाइने जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावारको बिक्रि वितरण एकदमै साधारण तवरले गरिन्छ । अलिकति मात्र सर्तकता अपनाउन सकेमा गुगणस्तर वुद्धि गरी मूल्यमा अभिवृत्ति गर्न सकिने अवसर प्राप्त हुन्छ ( आइसिमोड, २०६३ : ५) । जडीबुटीको विक्री वितरण सामान्य तरिकाबाट हुने गरेको व्यवस्थित गर्न सकेमा राम्रो आम्दानी गर्न सकिन्छ ।

वनस्पति बिभाग, २०६३ का अनुसार नेपालको वनस्पतिक विविधता भित्र समाहित भएर अनेकौं उपयोगी वनस्पति मध्ये जडीबुटी गैरकाष्ठ वनपैदावारको प्रमुख स्थान रहेको छ । हाम्रो सामाजिक जीवनमा यिनीहरूको महत्व धेरै पहिला देखि रहेपनि हालैका दशकहरूमा भएको वैज्ञानिक खोजले महत्व स्थापना गरेको साथै व्यापक प्रयोजनले देशको आर्थिक विकासको आकाक्षा परिपूर्ति गर्न समेत जडीबुटीको उल्लेख्य भूमिका रहने देखिएको छ । (वनस्पति बिभाग, २०६३ : V महानिर्देशक वनस्पति विभाग मन्तव्य) । नेपालमा जडीवुटीको महत्वपूर्ण स्थान रहेको छ । यसको प्रयोग समाजमा धेरै पहिलाबाट हुदै आएको हो । जडीवुटीले देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिन सक्छ । देशको आर्थिक विकासमा योगदान दिन सक्ने जडिवुटीलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा पनि उल्लेख गरिएको छ ।

जडीबुटीलाई विद्यालय तहको पेशा व्यावसाय विषयमा समावेश गरिएको छ । कक्षा ७ को पेशाव्यावसाय र प्रविधि शिक्षाको पुस्तकको एकाई १० को पाठ २ मा जडीबुटी खेतीको बारेमा उल्लेख गरिएको छ । जडीबुटीको किसिम जडीबुटी संकलन गर्ने समय, स्थानीय जडीबुटीको पहिचान तथा संकलन भण्डारण र संरक्षण स्थानीय जडीबुटीको प्रशोधन र प्रयोग गर्ने तरिका बारेमा उल्लेख गरिएको छ । व्यावहारिक ज्ञान दिनको लागि क्रियाकलाप उल्लेख गरिएको छ (पेशा व्यावसाय कक्षा ७, २०७१ : १००) । नेपाल सरकारले स्थानीय जडीबुटीलाई प्रवर्द्धन गर्नको लागि यसलाई आयआर्जनको रुपमा विकास गर्न प्रयोग वृद्धि गर्नको लागि विद्यालय तहमा नै जडीबुटीलाई समावेश गरिएको छ । आर्थिक, सामाजिक, पर्यावरणीय, सांस्कृतिक वहुआयामिक रहेका जडीवुटी पाठ्यक्रममा समावेश गर्नको लागि अध्ययन आवश्यक देखिन्छ ।

## बिधि

यस अध्ययनमा अनलाइन र अन्य स्रोतवाट प्राप्त सामाग्री (गौढ तथ्याङ्क) को विषयवस्तु विश्लेषण विधिको प्रयोग गरिएको छ । प्राप्त सुचनाहरूलाई विषयवस्तु सँग जोडेर व्याख्या गरी अध्यनमा वर्णनात्मक ढाँचा प्रयोग गरिएको छ । यस अध्ययनको दर्शन निम्न अनुसार रहेको छ ।

**तत्व मिमांशा** : हाम्रो देशमा जडीवुटीको महत्व आर्थिक सँग जोडिएको छ । त्यसैले जडीवुटीलाई पाठ्यक्रममा समावेश गरिनु पर्छ भन्ने यस अध्ययनको तत्व मिमासां रहेको छ ।

**ज्ञान मीमांस** : जडीवुटीको आर्थिक पक्ष सँग सम्बन्धित भएर गरिएका खोज अनुसन्धान योजना तथा कार्यनिति, इमिक पद्धति बाट व्याख्या विश्लेषण गरि प्राप्त नतिजालाई ज्ञान मिमांसाको रुपमा लिइएको छ । जसलाई पाठ्यक्रमको विकासको आधार मानिएको छ ।

**मूल्य मिमांसा** : जडीवुटीको आर्थिक पक्ष सँग सम्बन्धित रहेका ज्ञान मिमासांको आधारमा अध्ययनको मूल्य मिमांसाको निर्धारण गरिएको छ । आर्थिक बिकास गर्न पाठ्यक्रमा जडीबुटीको समाबेस महत्वपूर्ण छ ।

## अध्ययनको आधारभूत सिद्धान्त

अमेरिकन शिक्षाविद टेलरका अनुसार पाठ्यक्रम निर्माण गर्दा विद्यालय भन्दा वाहिरको समाज तत्कालिन जीवन पद्धतिको अध्ययन गर्नुपर्दछ । अध्ययनमा समाजको आर्थिक, सामाजिक, सांस्कृतिक

धार्मिक, भौगोलिक, ऐतिहासिक पक्षको अध्ययन गर्नु पर्दछ । (टेलर, सन १९७४) । टेलरका अनुसार पाठ्यक्रम निर्माणमा समाजको आर्थिक पक्षको पनि महत्वपूर्ण भुमीका रहन्छ ।

अमेरिकन शिक्षाविद हिल्डा टावाले तत्कालिन आवश्थामा शिक्षामा उत्पन्न भएका संकटहरू र पाठयक्रम योजनामा देखिएका अन्यौलताहरूलाई दृष्टिगत गरी वैज्ञानिक तथा व्यवस्थित ढाँचा, सन १९६२ मा, प्रकाशित गरिन । टावाले पाठ्यक्रम विकासका पाँच चरण उल्लेख गरेकी छन । पहिलो चरणमा नमूना परीक्षणको उत्पादन रहेको छ । यस अन्तर्गत आवश्यकताको निदान तथा विश्लेषणमा समाजका आवश्यकता विश्लेषण गर्दा आर्थिक पक्षको विश्लेषण गरी कमिकमजोरीहरू तथा यसका कारण समेतको निदान गर्नुपर्छ । यसरी मात्र आवश्यकताको सही निदान हुन सक्दछ (टावा सन, १९६२) भनि उल्लेख गरेकी छन । टावाले पाठ्यक्रम निर्माण गर्दा समाजको आवश्यकता अन्तर्गत आर्थिक पक्षको विश्लेषणमा विशेष जोड दिएको पाइन्छ ।

वृटिश शिक्षाविद केरले सन १९६८ मा पाठ्यक्रमको साधरण नमुना र पाठ्यक्रम सिद्धान्त प्रस्तुत गरे । नमुना पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रम मूल्याङ्कन गर्नु पर्ने, उद्देश्यको निर्धारणमा समाज र सिकारु महत्वपूर्ण स्रोतको रुपमा रहने, समाज र सिकारु, आर्थिक पक्षसंग प्रत्यक्ष वा अप्रतक्ष्य रुपमा सम्बन्धित हुने गर्दछन । त्यसैले पाठ्यक्रम निर्माण गर्दा आर्थिक पक्षलाइ प्रत्यक्ष आधार मान्नु पर्छ (केर, सन १९६८) भनि उल्लेख गरेका छन । केरका अनुसार पाठ्यक्रम निर्माण गर्दा सिकारु र समाज सँग सम्बन्धित आर्थिक पक्षलाई ध्यान दिनु पर्ने देखिन्छ ।

डेवेको अनुभव केन्द्रित पाठ्यक्रमको ढाँचा, विचारधाराको आदान प्रदान सगँ सम्बन्धित रहेको छ । डेवेको दृष्टिकोणमा पाठ्यक्रम त्यस्तो माध्यम हो, जस मार्फत समाजको सुधार गरिनु पर्दछ । समाजको सुधारको अर्थ पाठ्यक्रम मार्फत समाजलाई अझ समुन्नत, विकसित र सभ्य रुपमा परिवर्तन गर्नु हो । समुन्नत समाज हुन आर्थिक पक्ष चुस्त दुरुस्त हुनु पर्दछ (जोन डेवे, सन १९३८) । उनका अनुसार पाठ्यक्रमले समाजलाइ समुनन्त बनाउन सहयोग गर्नुपर्दछ । समुन्नत समाजका बिभिन्न आधारहरू मध्ये आर्थिक एक महत्वपूर्ण आधार भएकोले पाठ्यक्रम निर्माण गर्दा समाज र सिकारुको आर्थिक पक्षलाइ बिशेष ध्यान दिनु पर्छ ।

कोलिनिज (सन, १९९९) अनुसार पाठयक्रमको सिद्धान्त निर्माणमा विशेष गरी सामाजिक आवश्यकता र सिकारु केन्द्रित पाठयक्रम सिद्धान्त र वालकका आवश्यकताका आधारमा पाठयक्रम विकास एवं निर्माण गर्नुपर्दछ । पाविनि, (२०७६) का अनुसार विद्यालय तहको पाठ्यक्रम विकास गर्दा संवैधानिक तथा कानुनी, ऐतिहासिक, दार्शनिक, आर्थिक, सामाजिक, प्राकृतिक, धार्मिक तथा सांस्कृतिक, संवेगात्मक तथा मनोवैज्ञानिक र भूमण्डलीय आधारलाई प्राथामिकतामा राखिन्छ ।

पाठयक्रम समाज र विद्यालय एक आपसका सह अस्तित्वमा रहेका हुन्छन । समाजको संरचना मूल्य, मान्यता, आर्थिक अबस्था जस्ता पक्षहरू बिद्यालय प्रक्रियामा प्रतिविम्बत हुन्छन् । सामाजिक प्रक्रिया अनुसारनै विद्यालय प्रक्रिया आवश्यकता पर्दछ, जसले नागरिकहरूका सामाजिक, सांस्कृतिक, आर्थिक आवश्यकतालाई सम्बोधन गर्न सक्दछ । समाजको महत्वपूर्ण पक्ष आर्थिक पक्ष हो त्यसैले पाठयक्रम निर्माण समाजको आर्थिक पक्ष बिकास गर्ने पाठयक्रम निर्माण गर्नु पर्छ ।

## नतिजाको विश्लेषण

नेपाललाई जडीवुटीको उर्वराभूमि मानिन्छ । यहाँको विविधतापूर्ण भौगोलिक वातावरणले गर्दा विभिन्न किसिमका महत्वपूर्ण जडीवुटीहरू पाइन्छन । जडीवुटीलाई वहुआयामिक रुपमा प्रयोग गर्न सकिन्छ । जडीवुटीको प्रयोग औषधी, पर्यटकीय, पर्यावरणीय, पौष्टिक खाना, व्यवसायिक खेती, उद्योगधन्दा एवं रोजगारीको विकास गर्न सकिन्छ । समाजको आर्थिक बिकास जडीबुटी सग सम्बन्धित रहेको छ, भने पाठयक्रम समाज सँग सम्बन्धित रहेको छ । यस अध्ययनमा जडीवुटीको आर्थिक पक्षसँग सम्बन्धित

व्यापार, व्यवसाय र यस सम्बन्धी योजना तथा नितीगत खोजहरूको बारेमा प्राप्त सुचनाहरूको विश्लेषण गरिएको छ ।

**जडीबुटीको व्यापार तथा व्यवसाय**

यस अध्ययनमा जडीवुटी सम्बन्धी भएका व्यवसाय तथा व्यापारको बारेमा गरिएका खोज अनुसन्धानबाट प्राप्त सुचनाहरूको विश्लेषण गरिएको छ ।

हिमाली जिल्ला मुगु जडीवुटीको लागि उर्वराभूमि मानिन्छ । यहा वहुमूल्य जडीवुटी रहेका छन । स्नोल्याण्ड का अनुसार मुगु तथा हुम्लामा पर्ने जडीबुटी अतिस, अग्ला, कुटकी, कुरिलो, केशर, लौठ, सल्ला सतुवा, सुगन्धवाल, गुञ्छी च्याउ, यार्सागुम्बा, गुर्जो काकरसिङ्गी, चुत्रो, निर्मसी, शिलाजित, भजिरो, ओखर, भुतकेश घोडताप्रे, पाखनवेद, विष, भोजपत्र जस्ता जडीबुटीको व्यावसायिक खेतीको सँभावना राम्रो रहेको, हिमाली क्षेत्रमा राम्रो आम्दानी गर्न सकिने (स्नोल्याण्ड, २०६३ : १५० ) गरिएको छ ।

कृषकको सिधै उद्योगसँग सम्पर्क नहुदा कृषकले राम्रो मूल्य पाएका छैनन भने उद्योगले चर्को मूल्य तिर्न परेको छ । औषधीजन्य विरुवा संकलनकर्ताले साना व्यापारीलाई, साना व्यापारीले खरिद गरेर उद्योगमा दिने गर्दछन । अनौपचारिक रुपमा धेरै सञ्जाल मार्फत उद्योगमा पुग्ने गर्दा औषधीजन्य विरुवाको व्यापारमा जटीलता देखिएको छ । अनौपचारिक वजारको कारण यर्थाथ तथ्याङ्क पाउन कठीनाई छ । कच्चापदार्थको मात्रापत्ता लगाउन, मिसावटलाई रोक्न, जडीबुटीको प्रथामिकता निर्धारण गर्न, सुरक्षित रुपमा जडीबुटीको संकलन गर्न, पारिस्थितिक अवस्था विग्रिन नदिन, वास्तविक मूल्य जस्ता बिषयमा जानाकारी प्राप्त गर्न आवश्यक छ । ( विलियम्स र अहमत १९९९) कृषकको सिधै पहुच उद्योगसम्म नहुँदा मूल्य, मिसाउट, गुणस्तर सम्बन्धी थुप्रै समस्या देखा परेका छन ।

नेपालको हिमवत् खण्डमा जडीवुटी खेतीको संभावना रहेको उल्लेख गरिए पनि व्यावसायिक खेती हुन सकेको देखिदैन । हुम्ला जिल्ला, सिमिकोट गाउँपालिकाको वस्तुस्थिती विवरण, (२०७६) ले जडीबुटी संकलनमा संलग्न परिवार तथ्याङ्क गुच्छी च्याउ, सताक चिनी, जटामसी, पोड्या, अत्तिश, कुकी संकलनमा सहभागी रहेको । सिलाजित, अन्य संकलन र जडीबुटी खेतीमा कोहि पनि संलग्न नभएको देखाइएको छ । (हुम्ला सिमीकोट गाउँपालिका २०७६ : ४५) यस क्षेत्रमा जडीबुटी संकलनमा केहि परिवार संलग्न भए पनि व्यावसायिक रुपमा खेती भएको देखिदैन ।

हुम्लाको जडीबुटीको वजार सन्दर्भमा सुचनाको प्रविधिको पहुँच र प्रशोधन उद्योग स्थापनाले वजारको पहुँच बढेको जसले पदार्थको मूल्य वढेको कारण संकलनकर्ताहरूलाई फाइदा भएको (सुवेदी र भट्टराई १९१९) ले उल्लेख गरेका छन । सुचनाले गर्दा जडीवुटीको व्यावसायलाई सहज बनाएको पाइन्छ ।

घर बगैचामा लगाउने वनस्पती औषधीय गुण र आम्दानी गर्न सकिने खालका लगाएको पाइन्छ । आयुन मिनुबा अध्ययनले घरको वगैचामा पारिस्थितिक र आर्थिक दुवै महत्वका विविध वनस्पति लगाउने गरेको अनुसन्धानले देखाइएको छ । अन्य क्षेत्रमा कोको क्यूसिफेरा धेरै भएकोले वगैचामा प्रयोग गरिने वनस्पति नगदे वालीतर्फ उन्मुख भएको देखिन्छ । यसले आगामी दिनहरूमा घर वगैचा आम्दानीको महत्वपूण स्रोतको रुपमा लिन सकिन्छ । वनस्पतिलाई घरको शौन्दर्य वढाउन प्रयोग गरेको पाइन्छ । सुगन्धीत विरुवाको मूल्य उच्च रहेको औषधीजन्य बिरुवा स्वास्थ्यको लागि प्रयोग गरिएको ( आयुन भिनुबा सन, २०१६ : १३०) निष्कर्ष निकालिएको छ । यस अध्ययनले घर बगैचामा आम्दानीको लागि महत्वपूर्ण, सुगन्धित र औषधिय गुण भएका वनस्पती लगाउने गरेका देखाएको छ । वहुउपयोगी वनस्पतिलाई वगैचामा प्रयोग गरेको पाइन्छ ।

घर बगैचामा वहु आयामिक विरुवा लगाउने गरिएको ब्लाक्कोट र अन्य २००४ ले घर वगैचाको व्यवस्थापनमा मानिसहरूले आफनो सामाजिक, सास्कृतिक र आर्थिक आवबश्यकता पुरा गर्ने वनस्पतिको

प्रयोग गरेको, औषधी, खाना, इन्धन, मौद्रिक मूल्य, सौन्दर्य र आध्यात्मिक रुपमा महत्वपूर्ण वनस्पति घरको वगैचामा लगाइएको छ । वगैचामा प्रयोग हुने गरेका बनस्पति, आर्थिक, सामाजिक, औषधीय खाना, धार्मिक रुपमा महत्वपूर्ण रहने गरेको (ब्लाक्कोट र अन्य २००४: ६८) निष्कर्ष निकालेका छन ।

## जडीबुटी व्यावसाय सम्बन्धि योजना तथा र नीति

गैरकाण्ठ वनपैदावारको व्यावसाय भारत बाहेक तेस्रो मुलुक हुन सकेको छैन । राहुल, भट्ट र पौडयालका अनुसार गैरकाष्ठ वनपैदावारको व्यावसाय सिमित रहेको छ । धेरै आधिकारिक र औपचारिक मार्गबाट निर्यात हुने जडीबुटी भारतमा हुने गर्दछ । नेपालबाट भारत वाहेक तेस्रो मुलकमा कम निर्यात हुने गरेको छ । गैरकाष्ठ वनपैदावारको व्यापारिक सञ्चालनमा जटिलता रहेको छ । जसले गर्दा वजार मूल्य जानाकारी, संकलन र उत्पादनमा पनि समस्या रहेको छ । (राहुल, भट्ट र पौडयाल, १९९९) गैरकाष्ठ जडीबुटीको प्रमुख वजार भारत रहेको छ । भने तस्रो मूलकमा निर्यातको स्पष्ट निति नरहेकोकाले निर्यातमा अप्ठ्यारो रहेको अनुसन्धानले देखाएको छ ।

नेपालमा जडीवुटीको थुप्रै संभावना रहे पनि राज्यको राम्रो निति नहुदा यसबाट राम्रो आम्दानी गर्न सकिएको छैन भन्दै यसलाई व्यवस्थित गर्न जडीवुटी सम्बन्धी कार्य गर्नको लागि मैत्रीपूर्ण जडीबुटी निति, २०६५ ल्याइएको हो । यस नितिको उद्देश्य जडीबुटी गैरकाष्ठ वनपैदावारको संरक्षण सम्वर्द्धन गर्ने, संकलित जडीबुटीको प्रशोधन उत्पादन र बिक्री बितरण मार्फत आर्थिक पर्यावरणीय सन्तुलन कायम गर्नु जडीबुटी व्यावसायि खेती गर्ने, रोजगारी अभिवृत्ति गर्ने, आय आर्जन वढाउने, आर्थिक गतिविधिको अभिवृद्धि हुने गरी निजिक्षेत्र र स्थानीय निकायको सहभागिता वढाउने रहेको छ (जडीबुटी निति, २०६५, १ : ३) । नेपालमा जडीबुटीको लागि वातावरण निर्माणको लागि जडीबुटी निति २०६५ ल्याएको देखिन्छ ।

सुदुरपश्चिम प्रदेश वन ऐन २०७७, परिच्छेद १६ को उपदफा ७.१ मा

*“जडीबुटी अनुसन्धान तथा प्रशोधन केन्द्र स्थापना गर्ने सम्बन्धमा प्रदेश सरकारले जडीबुटी तथा सुगन्धित वनस्पति अध्ययन अनुसन्धान उत्पादन, प्रर्दशनी व्यावसायिक खेती र उद्योग संचालन तथा प्रवर्द्धनका लागि जडीबुटी अनुसन्धान तथा प्रशोधन केन्द्रको स्थापना गर्न सक्ने छ भनि उल्लेख गरेको पाइन्छ*। त्यस्तै ७.२ मा

> “साझेदारी जडीबुटी खेती र प्रशोधन एवं वजारीकरण गर्ने सकिने राष्ट्रिय वन क्षेत्रमा सरकारले तोकिएको स्थानमा तोकिए बमोजिम सार्वजनिक, निजी सामुदायिक साझेदारीमा जडीबुटी खेती प्रविधि विकास, विस्तार उत्पादन प्रशोधन एवं वजार प्रवर्द्धन गर्न सक्छ । साझेदारमा गरिने जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले नेपाल सरकारको सहमतिमा २० प्रतिशत भन्दा कम जनघनत्व भएको राष्ट्रिय वनको कुनै भाग संगठित संस्थाफर्म कम्पनी र समुदायलाई तोकिए बमोजिम उपलब्ध गराउन सक्ने । ( वन ऐन २०७७ । परिच्छेद १६, दफा ७:१, ७,२ पृष्ठ २४) मा उल्लेख गरेको पाइन्छ ।

जडीवुटीलाई गाउँपालिकाले आयआर्जनको रुपमा आफ्नो निति तथा कार्य क्रममा समावेश गरेको देखिन्छ । कालिगण्डकी गाउँपालिका गुल्मीको प्रमुख नितिमा उल्लेख गरे अनुसार आफ्नो दीर्घकालीन सोचमा यस्तो नारा दिएको छ । *“कृषि वन जडीबुटी पर्यटन, युवा स्वरोजगार र भौतिक पूर्वाधार समावेशी विकास नै कालिगण्डकी गाउँपालिकाको आधार”* जडीवुटिलाई कालिगण्डकी गाउँपालिकाको आधार मानेको देखिन्छ । यसको लागि तुलनात्मक रुपमा लाभ वढी रहेका उच्च मूल्य भएका जडीबुटी तथा गैरकाण्ठ पैदावारको संरक्षण सम्बर्द्धनको खेती, विस्तार एवं निर्यातका लागि वजार प्रवर्तन गरिने निति लिइने छ भनिएको छ । (प्रमुख निति २०७६/०७७, १ : १९) गाउँपालिकाले जडिवुटीलाई महत्वपूर्ण स्थान दिएको देखिन्छ । त्यस्तै दमक नगरपालिकाले आफ्नो नितिमा जडीबुटीलाई

आर्यआर्जनसँग जोडन, जडीबुटी सम्बन्धी काम गर्न चाहने कृषकको लागि सहयोग गर्ने, जडीबुटी खेतीको माध्यमबाट आर्थिक आम्दानी गर्न सकिन्छ। (दमक नगरपालिका राजपत्र, २०७५ : १९-३) भनि उल्लेख गरिएको छ । यसरी जडीबुटी सम्बन्धी काम गर्न चाहने कृषकको लागि सहयोग गर्ने गाउँपालिकाको निति रहेको पाइन्छ ।

प्रदेशले पनि जडीवुटीलाई आफ्नो वजेटमा समावेश गर्ने गरेका छन । प्रदेश नं. १ को वजेट भाषणमा यसरी उल्लेख गरिएको छ ।

> जडीबुटी उत्पादन तथा प्रशोधन सम्बन्धि व्यवस्थामा, जडीबुटी उत्पादन तथा प्रशोधनको लागि किसानलाई माटो सुहाउँदो जमीनको व्यवस्था गर्ने, सार्वजनिक वनको जमीनमा जडीबुटी उत्पादन गर्न पाउने अनुमति पाएका कृषकले नगरपालिकाले, सहयोग गर्ने जडीबुटी संकलन तथा प्रशोशन गर्न चाहने किसानको लागि सहयोग गर्ने नगरपालिकाको निति रहेको छ । ताप्लेजुङ, सखुवासभामा र सोलुखुम्बु जिल्लालाई जडीबुटी उत्पादन र प्रशोधन केन्द्रको रुपमा विकास गरिने छ । प्रदेशमा रहेका कृषि जडीबुटी सम्बन्धी अनुसन्धान केन्द्रलाई स्तारोन्नती गरी पहिचान गरिने छ । (वजेट आर्थिक वर्ष २०७५/७६, २०७५ : ४) । कोशी प्रदेशले बजेट प्रस्तुत गर्दा जडीबुटीलाई महत्वपूर्ण स्थान दिएको छ । जडीबुटी उत्पादन र प्रशोधन केन्द्रको लागि सहयोग गर्ने बजेटमा उल्लेख भएको पाइन्छ ।

नेपाल सरकारले कर्णाली प्रदेशलाई जडीवुटीको लागि महत्वपूर्ण क्षेत्र मानेको छ । नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय २०७६ ले कर्णाली प्रदेशमा पाइने जडीबुटी यस क्षेत्रको जल पछिको दोश्रो महत्वपूर्ण श्रोत भएको, यहाँ हर्रो, बर्रो, चरिअम्लो, पाँचऔले, सर्पगन्ध, जटामसी, तुलसी, रामतुलसी, झयाउ, यार्सागुम्बा लगायतका जडीबुटी पाइने यस क्षेत्रका जडीबुटीलाई उत्पादन संकलन र प्रशोधन गरीऔषधी एवं महत्वपूर्ण शौर्न्दयका सामाग्री निर्माण गर्न सकिने । यसबाट आर्थिक आर्जन गर्न सकिने, यस क्षेत्र महत्वपूर्ण जडीबुटीको लागि उर्वराभूमि रहेको (नेपाल सरकार २०७६ : १६) उल्लेख गरिएको छ । कर्णाली प्रदेश जडीबुटीको लागि महत्वपूर्ण प्रदेश भएको यस क्षेत्रमा जडीबुटीलाई व्यवस्थित गर्न सकिएमा यस क्षेत्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान रहने देखिन्छ ।

गाउँपालिकाले पनि जडीवुटीलाई आफ्नो योजनामा समावेश गरेको पाइन्छ । मिल्काखोला गाउँपालिकाकोले जडीबुटीको व्यावसायीक खेतीको सम्भाव्यता अध्ययन गरी सोहि अनुरुपमा कार्यक्रम तथा योजनाहरूलाई विशेष प्रोत्साहन गरिने छ (मिल्का खोला, आ.व. २०७७, २०७७/०७८) भनि उल्लेख गरेको छ । पाठ्यक्रमको प्रणालीगत सिद्धान्तले पाठ्यक्रम समाजको विकास हुने गरीनिर्माण गर्नुपर्दछ भन्ने मान्यता राखेको छ । गाउँपालिकाले आफ्नो क्षेत्रको आर्थिक विकासको लागि जडीबुटीलाई प्रथामिकता दिएको देखिन्छ ।

**छलफल**

नेपालको हिमाली भागमा, वहुमूल्य जडीबुटीको लागि महत्वपूर्ण क्षेत्र रहेको छ । नेपाल भौगोलिक विविधताको देश भएकोले यहा धेरै किसिमका जडीबुटीको व्यावसायिक खेतीको संभावना रहेको विभिन्न अनुसन्धानले देखाए पनि व्यावसायिक खेती हुनसकेको छैन । सुचनाको राम्रो व्यवस्था नहुदा वजार र उद्योगको विचमा अन्तर देखिएको विचौलीयाका कारण कृषकले कम मूल्यमा वेच्नु पर्ने र उद्योगले महङ्गोमा खरिद गर्नुपर्ने अवस्था थियो । अहिले सुचना प्रविधिको प्रयोगले कृषकको पहुँच उद्योग सम्म पुऱ्याएको छ, जसले गर्दा कृषकले राम्रो मूल्य पाएका छन, भने उद्योगले कम मुल्यमा गुणस्तरीय सामाग्री पाएका छन् । पछिल्लो समयमा बहु आयमिक उपयोगि वनस्पती घर वगैचामा लगाउन थालिएको, विशेष गरी घरको वरिपरी शौन्दर्यका लागि लगाउने विरुवा पर्यावरणीय औषधीय, सांस्कृतिक, आर्थिक रुपमा महत्वपूर्ण रहेका छन । जडीबुटी समाजको आर्थिक र सास्कृतिक पक्ष सग प्रतक्ष्य जोडिएको पाइन्छ । पाठ्यक्रम निर्माण गर्दा विद्यालय भन्दा वाहिरको समाज तत्कालिन जीवन

पद्धतिको अध्ययन गर्नुपर्ने पाठयक्रम बिदहरूको धारणा रहेको छ । टेलर, (सन १९७४) का अनुसार पाठ्यक्रम निर्माण गर्दा समाजको आर्थिक सामाजिक, सांस्कृतिक धार्मिक, भौगोलिक ऐतिहासिक पक्षको अध्ययन गर्नु पर्दछ । टावा, (सन १९६२) का अनुसार पाठ्यक्रका विषयवस्तुको छनोट गर्दा सामाजको आथिक अवस्थाको वास्तविकताको प्रतिनिधित्व गर्न सक्नुपर्दछ । डेवे, (सन १९३८) का अनुसार पाठ्यक्रम विकासको एउटा महत्वपूर्ण आधार सामाज हो । समाज भित्रको आर्थिक पक्षको अध्ययन गर्नु पर्दछ । पाठयक्रम निर्माणमा पाठयक्रमबिदले समाजको आर्थिक पक्षलाई जोडदिएका छन । यसरी पाठयक्रम विकास, समाजको आर्थिक पक्ष र जडीबुटी अन्तर सम्बन्धित रहेको पाइन्छ । त्यसैले पाठ्यक्रम बिकासमा जडीबुटीलाइ समाबेश गरिनु पर्ने देखिन्छ ।

बिभिन्न संघसस्थले गरेका खोज अनुसन्धानले समाजको आर्थिक बिकासमा जडीबुटी महत्वपूर्ण रहेको देखाएका छन त्यसैले हाल स्थानीय स्तर देखि राष्ट्रिय स्तरका बिशेष गरि हिमाली क्षेत्रका योजना तथा निति निर्माणमा जडीबुटीलाइ प्रथामिकता दिएको पाइन्छ । पाठ्यक्रम बिकासमा समाजको आर्थिक पक्षसग सम्बन्धित बिषयबस्तु समेट्नु पर्ने टेलर, (सन १९७४) टावा, (सन १९६२), डेवे, (सन १९३८) धारणा रहेको छ । पाठ्यक्रम निर्माणगर्दा सामाजिक रुपमा महत्वपूर्ण विषयलाई पाठ्यक्रममा समावेश गर्नपुर्दछ । आर्थिक, धार्मिक, पर्यावरणीय रुपमा महत्वपूर्ण रहेका जडीवुटीलाइ पाठ्यक्रम निर्माण गर्दा समावेश गर्नुपर्ने देखिन्छ । जडीवुटीलाई पाठ्यक्रमा समावेश गरी ब्याबसायिक खेतीबाट देशको आर्थिक विकास गर्न सकिने बिभिन्न समयमा भएका अनुसन्धानले देखाएका छन । एकातिर ब्याबसायिक खेती राम्रो सँग हुन सकेको छैन भने खेती बाट राम्रो आम्दानी गर्न सकिएको छैन । जडीबुटीलाई व्यवस्थित गर्न विद्यालय तह देखि नै पाठ्यक्रममा समावेश गर्नु पर्दछ । के कस्ता जडीबुटी समावेश गर्ने कसरी समावेश गर्ने, जडीवुटीलाई आर्थिक आयआर्जन सँग कसरी जोड्न सकिन्छ भन्ने बारे थप अनुसन्धान गर्नुपर्दछ ।

## निष्कर्ष

नेपालका हिमाली जिल्लामा जडीवुटीको व्यावसायीक खेती गर्न सकेमा राम्रो आम्दानी गर्न सकिने देखिन्छ । व्यावसायीक जडीवुटी खेतीबाट राम्रो आम्दानी गर्न सकिने संभावना देखिए पनि यस क्षेत्रमा व्यावसायीक खेती भएको छैन । सुचनाको राम्रो व्यवस्था नहुदा वजार र उद्योगको विचमा अन्तर देखिएको विचौलीयाका कारण कृषकले कम मूल्यमा वेच्नु पर्ने र उद्योगले महङ्गोमा खरिद गर्नुपर्ने अवस्था थियो । सुचना प्रविधिको प्रयोगले जडीवुटीको वजार पहुँचलाई सजिलो वनाएको छ । जसले व्यवसायलाई सहयोग गरेको छ । कृषकको पहुँच उद्योग संम्म पुऱ्याएको छ, जसले गर्दा कृषकले राम्रो मूल्य पाएका छन भने उद्योगले कम मुल्यमा गुणस्तरीय सामाग्री पाएका छन् । पछिल्लो समय घर वगैचामा लगाउने वनस्पती बहुआयमिक उपयोगिता रहेका छन । घरको वरिपरी शौन्दर्यका लागि लगाउने विरुवा पर्यावरणीय औषधीय, सांस्कृतिक, आर्थिक रुपमा महत्वपूर्ण वनस्पती लगाउने गरेको पाइन्छ ।

नेपालका जडीबुटीको मुख्य व्यापार भारत रहेको छ । स्पष्ट निति अभावको कारण अन्य मुलुकमा व्यापार गर्न सकिएको छैन । जडीबुटी सम्बन्धी स्पष्ट निति, प्राविधिक ज्ञानको कमि, दक्ष जनशक्तिको अभाव, प्रशोधन गर्ने उद्योगको कमी, राज्यको उदाशिनता जस्ता विविध कारणले गर्दा जडीबुटी बाट राम्रो आम्दानी गर्न सकिएको छैन । नेपालमा जडीवुटीको सरक्षण, सम्बद्धन, सदुपयोग गर्न सकेमा देशको आर्थिक, पर्यावरणीय, स्वास्थ्य पर्यटकीय क्षेत्रमा महत्वपूर्ण विकास हुने देखिन्छ । जडीबुटी सम्बन्धी नितिमा सुधार गर्नु पर्ने भएकोले २०६९ मा जडीवुटी सम्बन्धी कार्यलाई व्यवस्थित गर्न नया नियमावली २०६९ ल्याइएको छ । गैरकाष्ठ वनपैदावार अन्तरगत पर्ने जडीबुटीबाट नेपालको हिमाली क्षेत्रका वासिन्दाहरूले आर्थिक आम्दानी गरिरहेका छन । स्थानीय पाठ्यक्रम प्रारूप २०७१ ले स्थानीय समुदायको आर्थिक सामाजिक र सांस्कृतिक समुन्नतिका लागि स्थानीय आवश्यकता पहिचान गरी त्यसलाई स्थानीय पाठ्यक्रमले सम्बोधन गर्नुपर्ने उल्लेख गरिएको छ । त्यस्तै स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री २०६७ मा विषयवस्तुको छनोटमा, व्यावसायिक क्षेत्र अन्तरगत जडीबुटीको

संकलन तथा प्रशोधनलाई राखिएको छ । विद्यालयतहमा स्थानीय पाठ्यक्रमका विषयवस्तु छनोटमा जडीबुटीलाई आय आर्जनको रुपमा समावेश गरेको पाइन्छ । जडीबुटी आयआर्जन वा आर्थिक विकासको लागि महत्वपूर्ण रहेको छ । आर्थिक विकासमा महत्वपूर्ण रहेका जडीबुटीलाई बिद्यालयतह देखिनै पाठ्यक्रममा समावेश गर्नुपर्छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

## शन्दर्भ सुची (References)


आइसिमोड, (सन, २०६३). *गैरकाष्ठ वनपैदावारको दिगो उपभोग र संरक्षण*। (पृ: ५ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (२०७६). *निर्यात प्रवर्द्धन आयत प्रतिस्थापन र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरूको प्रोफाइल.* कर्णाली प्रदेश, नेपाल सरकार। (पृ: १६) ।

*कालगण्डकी गाउँपालिका गुल्मीको आ.व. २०७६/०७७ प्रमुख नितिहरू.* (२०७५) (पृ: १-१९) ।

*दमक नगरपालिका राजपत्र, (२०७५)* (पृ: ३) ।

नेपाल सरकार, (२०६१) *जडिबुटी निति २०६१,* स्वीकृत २०६५।५।१५ । (पृ: १-३) ।

पाठ्यक्रम विकास केन्द्र, (२०६७), *स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री,* नेपाल सरकार, शिक्षा मन्त्रालय । पृ: १४ ।

पाठ्यक्रम विकास केन्द्र, (२०७१) *विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारूप २०७१,* नेपाल सरकार, शिक्षा मन्त्रालय । पृ: १२ ।

पाठ्यक्रम विकास केन्द्र (२०७१). *पेसा व्यावसाय र प्राविधि शिक्षा कक्षा ७,* नेपाल सरकार शिक्षा मन्त्रालय । (पृ: १००) ।

पाठ्यक्रम विकास केन्द्र, *(२०७६) पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६* । (पृ: २) ।

*प्रदेश नं. १ मा प्रस्तुत वजेट भाषणा, (२०७५),* आर्थिक वर्ष २०७५।०७६, वुँदा २ (पृ.४)

*मिल्काखोला गाउँपालिका आर्थिक बर्ष २०७७र७८ को निति तथा कार्यक्रम,* (२०७७) कुरिनटार चितवन (पृ: १ -१९) ।

वनस्पति विभाग, (२०६३), *नेपालको आर्थिक विकासका लागि प्रथामिकता प्राप्त जडिबुटीहरू*। (पृ : V)

*सामुदायिक वनमा प्रमुख जातिका जडीबुटीको मौज्दात तथा संकलन कार्य योजना (२०७८ असार),* डिभिजन वन कार्यालय । (पृ: १) ।

सिमिकोट गाउँपालिकाको कार्यालय हुम्ला, *(२०६७). जिल्ला हुम्ला सिमकोट गाउँपालिकाको वस्तुस्थिति विवरण* (पृ: ४५)

सुदूरपश्चिम प्रदेश (२०७७), सुदुरपश्चिम प्रदेश वन ऐन २०७७, *राष्ट्रिय वन सम्बन्धमा व्यवस्थापन गर्न वनेको विधेयक, (२०७७)* (पृ. २४) ।

स्नोल्याण्ड एकिकृत विकास केन्द्र, (२०६३), *हुम्ला तथा मुगुका प्रथामिकता प्राप्त जडीबुटीहरू* (पृ.४) ।

Ayun, Vinuba. (2016). Plant *divers plant diversity community characterestics economic.pp 130.*

Blanckaert, I., Swennen, R.L. and Paredes-Flores, M. (2004). *Floristic composition, plant uses and management practices in homegardens of San Rafael*

*Coxcatlán*, Valley of Tehuacán-Cuicatlán, Mexico. Journal of Arid Environments, 57(2): 39–62.

Colins M. and Geogre W. (1999). *Curriculum alternative appraches ongoing issues*.p. 103

Dewey. J . (1938). *The child and curriculum.* Chicago University of Chicago press.

Kerr J.F. (1968). *Changing the curriculum*, University of London press.

Ralph, T. (1974), *Basic principle of curriculum and instruction*. A University of Chicago press.

Rawal, R., Bhatta, B., and Paudyal, A. (1999). *NTFPs: Production collection and Trade in MidWestern development Region of Nepal (edited).* Kathmandu, Nepal: Workshop Jointly organized by BU-BSP/NEWERA, EFEA and JABAN.

Taba, H. (1962), *Curriculum development theory and paractice.* Harrcourt Brace and World in CN yourk.